# पान बुलेटिन

**नेपाल जन-प्रशासन संघको सूचनामूलक प्रकाशन**

बर्ष २२ | पौष – चैत्र २०८१ (January - April 2025) | अंक ३६

## अध्यक्षको सन्देश



सार्वजनिक प्रशासनको क्षेत्रमा आवद्ध रहेका प्राज्ञिक व्यक्तिहरूको सैद्धान्तिक ज्ञान र उक्त क्षेत्रमा कार्यरत व्यवसायिक व्यक्तिहरूको व्यवहारिक ज्ञानको संयोजनले सार्वजनिक क्षेत्रको नीति निर्माण, कार्यान्वयन र मूल्यांकनमा व्यवसायिक योगदान पुऱ्याउने उद्देश्यले वि.सं. २०४७ भाद्र १३ गतेका दिन नेपाल जन-प्रशासन संघको स्थापना भएको थियो ।

नेपाल जन-प्रशासन संघले स्थापना कालदेखि नै जन-प्रशासनका विभिन्न पक्षमा प्रशासनिक, आर्थिक, प्राज्ञिक, र व्यवस्थापकीय एवम् नीतिगत बहस, प्रशिक्षण, अन्तरक्रिया र अनुसन्धान एवम् प्रकाशनमार्फत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । आफ्ना गतिवविधिहरूको संगालोको रूपमा संघले चौमासिक बुलेटिन प्रकाशन गर्दैआएको छ । यस बुलेटिन अवधिमा नेपाल जन-प्रशासन संघको पच्चीसौं वार्षिक साधारण सभा र बीसौं राष्ट्रिय सम्मेलन, जन-प्रशासनका विविध विषयमा समसामयिक छललफलको निरन्तरता र सरकारको नीति तथा कार्यक्रम, बजेट र आर्थिक सुधारको लागि सुझावहरूसहित विविध कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएका छन् ।

राष्ट्रिय सममेलनमा मित्रराष्ट्र भारतबाट विज्ञ प्राध्यापक आमन्त्रण गरी कार्यपत्र प्रस्तुति गरेर संघले आफ्नो सञ्जालको विस्तारसमेत गर्ने प्रयास गरेको छ । सो राष्ट्रिय सम्मेलनमा व्यक्त भएअनुरूप सार्वजनिक सेवाहरूलाई प्रभावकारी बनाउँदै सुशासनको प्रवर्द्धन गर्न आजको विश्व परिवेशमा जनता-केन्द्रित शासन प्रणाली (people–centric governance) लाई पारदर्शी र उत्तरदायी बनाउने सन्दर्भमा कृत्रिम बौद्धिकता र डिजिटल प्रविधिको नवप्रवर्तन लाई अंगाल्नु अत्यावश्यक भएको छ ।

वार्षिक साधारण सभा र राष्ट्रिय सम्मेलनलाई सफल बनाउन संघका आजीवन सदस्यहरू, अतिथिहरू, विज्ञ प्रस्तोताहरूको उपस्थिति, सक्रिय सहभागिता र अमूल्य समर्थनले अतुलनीय भूमिका खेलेकोमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । कार्यक्रममा सहभागी सबै सदस्य, अतिथि, विज्ञ र सरोकारवालाहरूलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा अझ प्रभावकारी र सफल सहभागिता जनाउन संघको तर्फबाट सबैको निरन्तर सहयोग, समर्थन र सहकार्यको अपेक्षा गर्दछु ।

– **मधुरमण आचार्य**
अध्यक्ष, नेपाल जन-प्रशासन संघ

## बार्षिक साधारण सभा र राष्ट्रिय सम्मेलन सम्पन्न

नेपाल जन-प्रशासन संघको २५औं साधारण सभा तथा बीसौं राष्ट्रिय सम्मेलन मिति २०८१ पौष १३ गते काठमाडौंको नयाँ बानेश्वरस्थित एक सभाहलमा सफलतापूर्वक सम्पन्न भयो । प्रथम सत्रमा भएको साधारण सभाको अध्यक्षता र उद्घाटन संघका अध्यक्ष श्री मधुरमण आचार्यले गर्नुभएको थियो । सो अवसरमा अध्यक्ष आचार्यले संघद्वारा प्रकाशित पान जर्नल २०८१ र पान बुलेटिनको विमोचन गर्नु भएको थियो ।

उक्त कार्यक्रममा संघका उपाध्यक्ष श्री मुकुन्दप्रसाद निरौलाले स्वागत मन्तव्य दिनु भएको थियो । सभामा पूर्व मुख्य सचिव श्री बिमल प्रसाद कोइराला र प्रशासनविद् काशीराज दाहालले अतिथिको रूपमा मन्तव्य दिनु भएको थियो । कार्यक्रममा संघका पूर्व अध्यक्षहरू कृष्णहरि बास्कोटा, विद्याधर मल्लीक, कृष्ण झवालीलगायत बिभिन्न व्यक्तित्वहरूले आ-आफ्नो शूभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । साधारण सभामा संघका महासचिव डा. दिलिपराज पौडेलले संघको बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्ष रजनी रेग्मीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सो प्रतिवेदन उपर खुल्ला सत्रमा छलफल गरी पारित गरियो । सभामा व्यक्त भएका विषयमा प्राप्त सुझावहरूले संघलाई थप मार्गदर्शन प्रदान गर्नेछन् ।

संघका सभाध्यक्षज्यूबाट समापन मन्तव्य दिंदै साधारण सभालाई सफल बनाउन संघका पदाधिकारी र सदस्यहरूको सक्रिय सहभागिता र अमूल्य समर्थनले अतुलनीय भूमिका खेलेकोमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गर्नु भयो । उहाँले निरन्तर सहकार्य र योगदानले संघलाई अझ प्रभावकारी, गतिशील, र उद्देश्यपरक बनाउन सहयोग पुऱ्याउनेछ भन्नेमा विश्वस्त रहेको बताउँदै प्रथम सत्रको अन्त्य गर्नु भएको थियो ।

दोस्रोसत्रमा जनता-केन्द्रित शासन प्रणाली (People–Centric Governance) विषयमा संघको २०औं राष्ट्रिय सम्मेलन आयोजना गरिएको थियो । सो राष्ट्रिय सम्मेलनमा संघका अध्यक्ष मधुरमण आचार्य सभाध्यक्ष रहनु भएको थियो । सो अवसरमा सम्मेलनको मुलभूत विषयमा संघका पूर्व अध्यक्ष डा. हिरामणि घिमिरेले विषय प्रवेश गराउनु भएको थियो । प्रमुख अतिथि निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्त श्री भोजराज पोखरेलबाट

प्रकाशक:
**नेपाल जन-प्रशासन संघ**
**Public Administration Association of Nepal (PAAN)**
हरिहरभवन, ललितपुर, नेपाल

उद्घाटन गरी सम्मेलन सुरूवात भएको थियो । सम्मेलनमा आफ्नो मन्तव्य दिनुहुँदै प्रमुख अतिथि पोखरेलले नागरिकहरूको सक्रिय सहभागिता र निर्णय प्रक्रियामा उनीहरूको प्राथमिकता सुनिश्चित गरिनु पर्ने र जनता-केन्द्रित शासन प्रणालीले मात्र समाजको समग्र भलाइ र समानताको सुनिश्चितता गर्दछ भन्नु भयो । "सुशासन जनता-केन्द्रित शासनबाट सुरु हुन्छ, जहाँ नीति तथा कार्यहरू नागरिकका आवश्यकता र सहभागिताले निर्देशित गर्छन्," उहाँले भन्नुभयो । उक्त कार्यक्रममा प्रमुख वक्ताको रूपमा जन-प्रशासनसम्बन्धी दक्षिण एशीयाली सञ्जाल (South Asian network for Public Administration, SANPA)का उपाध्यक्ष प्राध्यापक डा. प्रभातकुमार गुप्ता रहनु भएको थियो । उहाँले विकेन्द्रीकरणमार्फत् भारतमा ग्रामीण शासन प्रणालीमा सुधार (Reforming Village Governance in India through Decentralization: Looking Back and Beyond) बिषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै जनता-केन्द्रित शासन प्रणालीको बिषयमा उदारहणसहित आफ्नो प्रस्तुति गर्नु भएको थियो । उक्त कार्यपत्र माथि संघका कार्यसमितिका सदस्य डा. दिनेश पन्त, प्रा. डा. सुनीति श्रेष्ठ हाडा, तथा त्रिलोचन पोखरेलले टिप्पणी गर्नु भएको थियो । उक्त कार्यक्रममा सहभागीका तर्फबाट विभिन्न व्यक्तिहरूले आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

उक्त छलफलको निचोडस्वरूप "जनता-केन्द्रित शासन प्रणाली" सम्बन्धि पान अडान (PAAN STAND) जारी गरिएको थियो । सो अडानमा नेपालको समग्र शासन व्यवस्थामा यसको महत्त्व, यस प्रणालीले सरकारसँग जनताको सहज पहुँच, सन्दर्भ र समावेशिता सुनिश्चित गर्दै, सरकारी सेवामा गुणस्तर र उत्तरदायित्व कायम राख्न योगदान पुऱ्याउनुका साथै, समावेशी दृष्टिकोण अपनाउँदै शासनमा जनताको सक्रिय संलग्नता र सहभागिता सुनिश्चित गरिनु पर्ने र यस प्रणालीको पूर्ण कार्यान्वयनका लागि पारदर्शिता, जवाफदेहिता, र भ्रष्टाचारको नियन्त्रण आवश्यक हने उल्यलेख गरिएको छ । यसमा नागरिकहरूको आवाज शासन प्रणालीमा समावेश गर्दै, समग्रमा स्थिरता र समान अवसरहरूको सिर्जना गरिनु पर्ने र संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनले सरकारलाई जनताको आशा र आकांक्षाको उत्तरदायित्व लिन प्रेरित गर्ने बताउएको छ । जनता-केन्द्रित शासन प्रणाली नेपालको लोकतान्त्रिक प्रक्रिया र प्रशासनको प्रभावकारिता सुनिश्चित गर्न एक महत्त्वपूर्ण हुने र यसले सबै नागरिकको समान अधिकार र अवसरको सुनिश्चितता गर्ने भनिएको छ ।

सो अवसरमा पान उत्कृष्ट राष्ट्रसेवक सम्मान र पान स्वर्ण पदक प्रदान गरिनुका साथै संघको प्रकाशन ब्यबस्थापन, लेख रचना मुल्यांकन, सम्पादनकार्य गरी योगदान दिनुहुने व्यक्तिहरूलाई कदर प्रमाणपत्र प्रदान गरिएको थियो । यसै गरि संघको सचिवालयमा कार्यरत अधिकृत सुश्री जमुना दंगालले सचिवालय प्रमुखको रूपमा लगनशिलताका साथ कार्य गरी संघको विभिन्न गतिबिधिमा थप योगदान दिएवापत कदरस्वरूप प्रशंसापत्र प्रदान गरिएको थियो ।

## पान उत्कृष्ट राष्ट्रसेवक सम्मान प्रदान:

सार्वजनिक सेवाप्रवाह, नवप्रवर्तन र जनसरोकारका क्षेत्रमा सरकारका कुनै पनि तहका नेतृत्वदायी पदमा रही सेवाग्राहीका निम्ति अनुभूतियोग्य एवं उदाहरणीय काममार्फत समग्र जनताको मन जित्ने र निजामती सेवाको साख बढाउने सदाचारी र सक्षम निजामती राष्ट्रसेवकलाई प्रशंसित गर्ने अभिप्रायले नेपाल जन-प्रशासन संघद्वारा स्थापित पान उत्कृष्ट राष्ट्रसेवक सम्मान, २०८१ (PAAN Civil Servant of the Year, 2081) देवदह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत (उप सचिव) कृष्ण प्रसाद सापकोटालाई सम्मान गरियो । स्थानीय तहको सेवा प्रवाहमा नवप्रवर्तन सहित जनताको मन जित्नेगरी कार्य सम्पादन गरेर उत्कृष्ट छवि कायम राख्नु भएकोले उहाँलाई सो सम्मान प्रदान गरिएको हो । सो सम्मानका उपयुक्त उम्मेदवार छनौट गर्न संघका पूर्व अध्यक्ष तथा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सुचना आयुक्त श्री कृष्णहरि बास्कोटाको संयोजकत्वमा रहेको छनौट समितिको गठन गरिको थियो । नेपाल सरकारका पूर्व सचिव बास्कोटालाई नेपाल सरकारद्वारा उत्कृष्ट निजामती कर्मचारी पुरस्कार स्वरूप प्राप्त रू एक लाख (१०००००/-) रकमबाट अक्षयकोष खडा गरी उहाँकै सदिच्छा अनुसार यसै वर्षदेखि प्रदान सो सम्मान आरम्भ गरिएको हो । उक्त अक्षय कोषमा नेपाल सरकारका पूर्व मन्त्रि, पूर्व सचिव एवम संघका पूर्व अध्यक्ष श्री विद्याधर मल्लिकज्यूबाट समेत रू. २५,०००/- योगदन गर्नु भएको छ । यस कोषको राशी बृद्धि गर्नका लागि इच्छुक संघका आजीवन सदस्य सबैलाई खुला गरिएको छ ।



## पान स्वर्ण पदक प्रदान:

नेपाल जन-प्रशासन संघले जन-प्रशासन विषयमा स्नातकोत्तर तहमा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई विगतदेखि प्रदान गर्दै आएको पान स्वर्ण पदक (PAAN Gold Medal) यस वर्ष पनि प्रदान गरिएको छ । शैक्षिक सत्र २०२०-२२ अन्तर्गत त्रिभुवन विश्वविद्यालयबाट बिक्रम सिंह धामी र पूर्वाञ्चल विश्वविद्यालयबाट सुरेन्द्र चित्रकारलाई, तथा सत्र २०२१-२३ अन्तर्गत त्रिभुवन विश्वविद्यालयबाट सम्फना अधिकारीलाई सो स्वर्ण पदक प्रदान गरिएको हो ।











## PAAN Talk कार्यक्रम

नेपाल जन-प्रशासन संघले जन-प्रशासन, सार्वजनिक सेवा, सेवा प्रवाह, सुशासन, र सार्वजनिक व्यवस्थापन सम्बन्धी समसामायिक विषयवस्तुहरूमा आधारित पान टक (PAAN Talk) एकार्यक्रम आयोजना गर्दै आएको छ। यस बुलेटिन अवधिमा निम्न पान टक कार्यक्रमहरू आयोजना भएको थियो :

१. मिति २०८१ पौष २४ गते "Service Delivery Gap in the Local Level/Government" विषयमा देवदह नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद सापकोटा र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन निर्देशक श्री राजेन्द्र अधिकारीले प्रस्तुति गर्नुभएको थियो। उहाँहरूले स्थानीय तहमा सेवा प्रवाहमा आउने व्यवधाान र त्यसको समाधानका उपायहरूसम्बन्धी विचार व्यक्त गर्नुभएको थियो।

२. मिति २०८१ माघ ९ गते "Challenges and Opportunities for Youth in Nepal" विषयमा मध्यपश्चिम विश्वविद्यालयका उप-कुलपति प्रा. डा. ध्रुवकुमार गौतमले महत्वपूर्ण प्रस्तुति गर्नुभएको थियो। उहाँले युवाहरूको सशक्तिकरण, सामाजिक र राजनीतिक दृष्टिकोणबाट अवसर र चुनौतीहरूको विस्तृत चर्चा गर्नुभयो।

३. मिति २०८१ माघ माघ २३ गते "Greening the Bureaucracy" विषयमा वन तथा वातावरण विद् श्री लोकनाथ घिमिरे र श्री अजय भक्त माथेमाले प्रस्तुती गर्नुभएको थियो। यसमा सरकारी निकायमा वातावरणीय नीतिहरूको समावेशीकरण र प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू प्रदान गर्नुभएको थियो।











## नीति तथा कार्यक्रम, बजेट र आर्थिक सुधारमा छलफल

आगामी आ.ब.२०८२।८३ को बजेट निर्माणसम्बन्धमा अर्थ मन्त्रालयलाई सुझाव दिने ध्येयले यस संघले मिति २०८१ चैत्र १४ गते "सरकारको नीति तथा कार्यक्रम, बजेट र आर्थिक सुधार: अपेक्षा र सम्भावनाहरू" विषयक एक नीति सम्वाद कार्यक्रमको आयोजना गरेको थियो। संघका अध्यक्ष मधुरमण आचार्यको अध्यक्षतामा भएको सो कार्यक्रममा संघका महासचिब डा. दिलिपराज पौडेलले स्वागत मन्तब्य दिनु भएको थियो भने पूर्व अर्थसचिव कृष्णहरि बास्कोटाले बिषयवस्तुको प्रवेशका लागि प्रस्तुती गर्नु भएको थियो। कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व सदस्यहरू डा. पोषराज पाण्डे, डा. रामकुमार फुयाल, डा. रमेशचन्द्र पौडेल, पूर्व अर्थसचिवहरू डा. विमल कोईराला, विद्याधर मल्लिक, रामेश्वर खनाल, मधु मरासिनी, डा. राजन खनाल, पूर्व सचिवहरू लालशंकर घिमिरेलगायतको उपस्थिति रहेको

थियो । नीति सम्वादमा व्यक्त सुझावहरूलगायत संघलाई प्राप्त अन्य सुझावहरू समेतको आधारमा वर्तमान आर्थिक अवस्थाका चुनौतीहरूलाई सम्बोधन गर्दै नीतिगत सुधारका अपेक्षामा केन्द्रित भई आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको लागि नेपाल जन-प्रशासन संघले तयार पारेका सुझावहरू अर्थमन्त्रालयमा पेश गरेको थियो । उक्त सुझावहरू संघको वेबसाइटमा राखिएको छ ।















नववर्ष २०८२ को पावन अवसरमा सु-स्वास्थ्य, शान्ति, समृद्धि र सकारात्मक ऊर्जा सँगै सबैका लागि उज्यालो भविष्यको शुभकामना व्यक्त गर्दछौं । जनउत्तरदायी, पारदर्शी र जनमुखी प्रशासन निर्माणतर्फ हाम्रो साझा प्रयास अझ प्रभावकारी बनोस् ।

**नेपाल जन-प्रशासन संघ (PAAN) परिवार**
हरिहर भवन, पुल्चोक, ललितपुर ।





